# एनआरएन हङकङ वर्ष महिला पुरस्कार घोषणा
## समाजसेवी डा. शर्मिला सर्वोकृष्ट

९ मार्च, हङकङ ।
गैर-आवासीय नेपाली संघ (एनआरएन) हङकङले १०४औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारि डा. शर्मिला गुरुङलाई वर्ष महिला पुरस्कार प्रदान गरेको छ । डा. गुरुङलाई हङकङ नेपाली महाबाणिज्यदूत महेशप्रसाद दाहाल, हङकङ नेपाली महासंघका अध्यक्ष प्रदिप थापामगर, नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष डासुराम पराजुली, नेपाल एयरलाईन्सका कन्ट्रीमेनेजर पुष्प श्रेष्ठ तथा गैर-आवासीय नेपाली संघ हङकङका अध्यक्ष दुर्गा गुरुङले संयुक्त रुपमा प्रमाणपत्र र हङकङ-काठमाण्डौ-हङकङको आतेजाते हवाई टिकट र हङकङ डलर नगद २ हजार प्रदान गरेका थिए । उनलाई खादा ओढाई पुष्पगुच्छाद्वारा सम्मान पनि गरिएको थियो । सम्मानित ब्यक्तित्व गुरुङ हङकङेली नेपाली समुदायबीच लामो समय देखि सामाजिक रुपमा क्रियाशील छिन् । पेशागत रुपमा एउटा ग़ैर सरकारी संस्थामा स्वास्थ्यकर्मीको रुपमा संलग्न उनलाई सामाजिक सेवामा उल्लेख्य सेवा पुर्याए वापत हङकङ सरकारले समेत सम्मानित गरिसकेकोछ । उनले रुसबाट एमविविएस गरेकिहुन् ।

दिउँसो याउमातेई स्थित हिन्स सभा हलमा हङकङबासी नेपाली महिलाहरूको कला र साहित्यमा उपश्थिति र महिला रोगबारे अन्तरक्रिया र बिचार गोष्ठी संचालन गरिएको थियो । कार्यक्रममा गैर-आवासीय नेपाली संघको महिला प्रतिनिधि सुश्री सुनिता गुरुङको अध्यक्षतामा गैर-आवासीय नेपाली संघको केन्द्रिय सदस्य डा. शर्मिला गुरुङलाई नै प्रमुख आतिथ्य प्रदान गरिएको थियो । कार्यक्रममा हङकङ सरकारद्वारा गठित महिला आयोगकी सदस्य श्रीमती अरूणा गुरुङ, हङकङ नेपाली महासंघकी उपाध्यक्ष श्रीमती रिता गुरुङ, नेपाल हिन्दू एसोसियसन हङकङका अध्यक्ष श्रीमती गोमा शर्मा, हेभन्लीपाथका महासचिव गायत्री राई तथा नेपाल एयरलाईन्सकी प्रतिनिधि श्रीमती सुनिता मल्ल शाहलाई बिशेष अतिथिको दर्जा प्रदान गरिएको थियो । कार्यक्रममा नेपाल चेम्बर अफ कमर्श हङकङका अध्यक्ष डासुराम पराजुली तथा गैर-आवासीय नेपाली संघ हङकङका अध्यक्ष दुर्गा गुरुङले महिला दिवसको महत्व माथि प्रकास पार्दै शुभकामना दिएका थिए ।

साहित्यकार दिपा अवाई राईले नेपाली महिलाको साहित्य माथि प्रकास पारेकी थिईन भने चित्रकार दिपेन्द्र राईले हङकङमा नेपाली महिलाहरूमा चित्रकलाको सम्भावनाबारे मन्तव्य राखेका थिए । साहित्यकार मोती चाम्लिङले महिलाहरूलाई साहित्य मार्फत अग्रसर हुन आव्हान गरेका थिए । लिलिमा घलेले क्यान्सर रोग र उत्पादित खाद्यपदार्थबाट हुने बेफाईदाबारे एक कार्यपत्र प्रस्तुत गरेकी थिईन । हङकङका नेपाली महिलाहरूले झेलीरहेको महिला रोगहरूबारे डा. शर्मिला गुरुङले जानकारी सहित उपस्थित महिलाहरूसंग अन्तरक्रिया पनि गरिन् ।

बेलुकी जोर्डन स्थित कंगन रेष्टुरेण्टमा दोस्रो चरणको कार्यक्रम गरिएकोथियो । उक्त संगीतमय रात्री भोजमा वर्ष महिला पुरस्कारको घोषणा र पुरस्कारको साथै हङकङेली नेपाली समाजमा उल्लेखनीय योगदान पुर्याउने महिलाहरूलाई बिभिन्न बिधाहरूमा सम्मान गरिएको थियो । यसरी सम्मानित हुनेहरूमा शिक्षा तर्फ लुर्थन अकाडेमीकि शिक्षिका सुश्री सिजन तुलाचन, सामाजिक सेवामा हङकङ नेपाली महासंघकी उपाध्यक्ष श्रीमती रिता गुरुङ र नमोबुद्ध आमा समुहकी महासचिव श्रीमती कृष्णकुमारी गुरुङ (रेणुका), सफल संगठनकर्ता तर्फ मगर संघ हङकङकी अध्यक्ष श्रीमती चन्द्रज्योती आलेमगर, साहित्यमा नारीवादी साहित्यकार दिपा अवाई राई, कलामा तमु साँस्कृतिक परिवारकी सुश्री सुनिता गुरुङ र नेपाल पर्यटनमा टेवा पुर्याए वापत ट्राभल्स व्यवसायी श्रीमती भगवती मल्ललाई प्रमाणपत्र र सम्मान स्वरूप खादा ओढाईएको थियो ।

सम्मानित महिलाहरूलाई गैर-आवासीय नेपाली संघ हङकङका सल्लाहकारहरु बेद खड्का, दिलिप गुरुङ, वाईबी राई, राजेन्द्रकुमार थापा, कमल पौडेल, हितमान गुरुङ तथा केन्द्रिय सदस्य जगन्नाथ ज्ञवालीले सम्मान पत्र प्रदान गरे भने महिला प्रतिनिधि सुनिता गुरुङले खादा ओढाएकी थिईन । कार्यक्रम सुव्यवश्थित गर्न सहयोग पुराउने प्रिन्सिका गुरुङ र कविता थापा मगर तथा रात्री भोजमा गीतसंगीतले मनोरञ्जन प्रदान गर्ने स्थानीय कलाकारहरू गणेश पराजुली, कृष्णभक्त महर्जन, कला चेम्जोङ र पवित्रा राईलाई प्रशंसा पत्र प्रदान गरिएको थियो । कार्यक्रममा महाबाणिज्यदूत महेशप्रसाद दाहाल, चेम्बर अफ कमर्श हङकङका अध्यक्ष डासुराम पराजुली, हङकङ नेपाली महासंघका अध्यक्ष प्रदिप थापामगर तथा गैर-आवासीय नेपाली संघ हङकङका अध्यक्ष दुर्गा गुरुङले उपश्थित महिलाहरूलाई शुभ कामना दिएकाथिए । महिलाहरूले हल खचाखच भरिएपछि उपस्थित पुरुषहरु सीट छाडी उभिएका थिए । दुवै चरणको कार्यक्रम संघका सचिव बिनय शाहले संचालन गरेका थिए ।

एनआरएन हगंकगंले  सन् २०११ देखि अन्तर्राष्ट्रिय महिला दिवस मनाउदै आईरहेकोछ । हङकङमा बसोबास गर्दै आईरहेका नेपाली महिलाहरूलाई लक्षित गरि सन् २००४ सालमा स्थापना भएको गैर-आवासीय नेपाली संघ हङकङले महिला बिभाग मार्फत यो कार्यक्रमको आयोजना गर्दै आईरहेकोछ ।

फोटो: जानु लिम्बु

